टोखा नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : ०५ संख्या : ०४ मिति : माघ २०, २०७८


# सुपथ मूल्य सहकारी पसल संचालनको लागि अनुदान वितरण सम्बन्धी कार्यविधि, २०७८


टोखा नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

मैजुहिटी, काठमाडौं

बागमती प्रदेश, नेपाल

२०७८

# टोखा नगरपालिका

## नगर कार्यपालिकाको कार्यालयद्वारा प्रकाशित

# स्थानीय राजपत्र

खण्ड : ०५ संख्या : ०४ मिति : माघ २०, २०७८

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी टोखा नगर कार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ।

**भाग-२**

# सुपथ मल्य सहकारी पसल संचालनको लागि अनुदान वितरण सम्वन्धी कार्यविधि, २०७७

**प्रस्तावना :**

सहकारी संघसंस्थाका सदस्यहरुको साथै सर्वसाधारण उपभोक्ताहरुलाई आवश्यक पर्ने खाद्यान्न, तरकारी, फलफूल, माछा, मासु, अण्डा, दुध तथा दुग्ध पदार्थ, ग्यांस, ईन्धन लगायतका दैनिक उपभोग्य सामाग्री, रासायनिक मल, बीउविजन, किटनाशक औषधी, कृषि औजार लगायतका उत्पादन सामाग्री, औधोगिक कच्चापदार्थ र निर्माण सामाग्री समेतका बस्तु तथा सेवाहरुको सहज आपूर्तिका लागि सहकारी संस्थामार्फत यस नगरपालिका भित्र स्थापित थोक/खुद्रा बजार वा सुपथ मूल्य सहकारी पसल संचालनको लागि बीउपूंजी अनुदानको रुपमा नगरपालिको कार्यालयवाट प्रदान गरिने वित्तीय सहयोगको विधि, प्रक्रिया र आधारहरू निर्धारण गरी बीउपूंजी अनुदानलाई व्यवस्थित तथा पारदर्शि बनाउन वाञ्छनीय भएकोले स्थानीय टोखा नगरपालिकावाट जारी सहकारी ऐन, २०७५ को दफा १०१ मा व्यवस्था भए अनुसार स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी **"सुपथ मल्य सहकारी पसल संचालनको लागि अनुदान वितरण सम्वन्धी कार्यविधि -२०७७"** तयार गरी लागू गरिएको छ ।

## परिच्छेद -१
## नाम र प्रारम्भ :

**१) संक्षिप्त नाम र प्रारम्भः**

(१) यो कार्यबिधिको नाम **"सुपथ मल्य सहकारी पसल संचालनको लागि अनुदान वितरण सम्वन्धी कार्यविधि -२०७७"** रहने छ ।
(२) यो कार्यविधि टोखा नगरपालिकाको कार्यकारी समितिले स्वीकृत गरेपछि लागु हुने छ ।

**२) परिभाषा**: विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क) **"कार्यविधि"** भन्नाले **"सुपथ मल्य सहकारी पसल संचालनको लागि अनुदान वितरण सम्वन्धी कार्यविधि -२०७७"** सम्झनु पर्दछ ।

ख) **"कार्यक्रम"** भन्नाले स्वीकृत बार्षिक कार्यक्रमको रुपमा नगरपालिकाद्वारा संचालन गर्ने सुपथ मूल्य पसल संचालन अनुदान कार्यक्रम समेतका गतिविधि र क्रियाकलापहरु सम्झनु पर्दछ ।

ग) **"अनुदान"** भन्नाले नगरपालिकाले सार्वजनिक वितरण प्रणालीलाई ब्यवस्थित गर्न सहकारी संघसंस्थामार्फत सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा बजार स्थापना र संचालनका लागि बीउपूंजीको रुपमा उपलब्ध वित्तीय सहयोग बुझ्नु पर्दछ ।

घ) **"बजारीकरण"** भन्नाले कृषि फार्म, उद्यम ब्यवसाय उद्योग तथा कलकारखानाबाट उत्पादन हुने बस्तु तथा सेवाको खरिद, संकलन, प्रशोधन, मुल्य निर्धारण, प्रवर्धन, भण्डारण तथा विक्री वितरणसँग सम्बन्धित क्रियाकलापलाइ जनाउँछ ।

ङ) "**विकास साझेदार**" भन्नाले कार्यक्रम सञ्चालनको लागि आर्थिक तथा प्राविधिक सहयोग गर्ने सरकारी, गैरसरकारी र दातृ निकायहरूलाई सम्झनुपर्छ ।

च) **"व्यवस्थापन"** भन्नाले सहकारी संघ वा संस्था संचालनको लागि चयन भएको संचालक समिति र प्रमुख कार्यकारी अधिकृत/व्यवस्थापक सम्झनु पर्दछ ।

छ) **''स्थानीय सरकार''** भन्नाले स्थानीय गांउपालिका वा नगरपालिकाको क्षेत्राधिकार भित्र संचालित सरकार भन्ने बुझ्नु पर्दछ ।

ज) **"बिशिष्टीकृत उपभोक्ता सहकारी संघ"** भन्नाले सहकारी ऐन २०७४ को दफा ९ वा प्रदेश सहकारी ऐन २०७५ बमोजिम बस्तु तथा सेवाको उत्पादन, संकलन, प्रबर्द्धन, भण्डारण र वितरण समेतका काम गर्ने गरी प्रारम्भिक सहकारी संस्थाहरूको लागत सहभागितामा गठन भएको विशिष्टीकृत सहकारी संघ बुझ्नु पर्दछ । यो संघ पूर्णरुपमा ब्यवसायिक संघ हुने छ । यसले उपभोक्ता सहकारी संस्थावाट संचालित खुद्रा पसल र सर्वसाधारण उपभोक्तालाई थोकमा समान आपुर्ती गर्ने काम गर्दछ ।

झ) **"संस्था"** भन्नाले संघीय वा प्रादेशिक वा स्थानीय सहकारी ऐन बमोजिम दर्ता भएको प्रारम्भिक सहकारी संस्थालाई बुझ्नु पर्दछ ।

ञ) **"संघ"** भन्नाले संघीय वा प्रादेशिक सहकारी ऐन बमोजिम दर्ता भएको जिल्ला, प्रदेश, केन्द्रीय तहमा संचालित सहकारी संघ बुझ्नु पर्दछ । यो शब्दले विशिष्टीकृत सहकारी संघ समेतलाई बुझाउँदछ ।

ट) **"संचालक समिति"** भन्नाले सुपथ मूल्य सहकारी पसल संचालन गर्ने सहकारी संघ वा संस्थाको संचालक समिति सम्झनु पर्दछ ।

ठ) **''नियमनकारी निकाय''** भन्नाले संघीय तहमा भूमि ब्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय र सहकारी विभाग, प्रादेशिक तहमा भूमि ब्यवस्था, कृषि तथा सहकारी मन्त्रालय र प्रादेशिक सहकारी विभाग र स्थानीय तहमा टोखा नगरपालिकाको कार्यालय बुझ्नुपर्दछ ।

ड) **''ऐन''** भन्नाले संघीय सहकारी ऐन, प्रादेशिक सहकारी ऐन र स्थानीय टोखा नगरपालिकाको सहकारी ऐन समेत सम्झनु पर्ने छ ।

ढ) **''नियमावली''** भन्नाले संघीय, प्रादेशिक र स्थानीय तहवाट जारी सहकारी नियमावली सम्झनु पर्ने छ ।

ण) **''विनियम''** भन्नाले सहकारी संघसंस्थाको विनियम भन्ने सम्झनु पर्दछ ।

त) **"नगरपालिका"** भन्नाले स्थानीय टोखा नगरपालिका बुझ्नु पर्दछ ।

थ) **"प्रमुख"** भन्नाले स्थानीय टोखा नगरपालिकाको प्रमुख सम्झनु पर्दछ ।

द) **"प्रमुख प्रशासकीय अधिकृत"**भन्नाले नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्दछ ।

ध) **"बीउपूंजि"** भन्नाले ब्यापार ब्यवसाय गर्न पाईने तर खान मास्न नपाईने गरी जगेडा कोषमा अभिलेखन गर्नु पर्ने पूंजि भन्ने सम्झनु पर्दछ ।

## परिच्छेद–२

## अनुदान सम्वन्धी ब्यवस्था

### ३. अनुदान दिन सकिने:

(१) नगरपालिकाले सर्वसाधारण उपभोक्ता हीतको लागि सहकारी संघसंस्था मार्फत सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालन गरी सार्वजनिक वितरण प्रणालीमा सहयोग गरे वापत सहकारी संघसंस्थालाई ब्याज अनुदान, बीउपूंजी र पूंजीगत अनुदान दिन सक्नेछ ।

(२) उपदफा १ मा उल्लेखित अनुदान प्राप्त गर्ने सहकारी संघसंस्थाले उक्त अनुदान रकम जगेडा कोषमा आम्दनी देखाउनु पर्ने छ ।

**(३)** उपदफा (१) बमोजिम सहकारी संघसंस्थाहरुलाई प्रदान गरिने अनुदान रकम वितरणको लागि स्थानीय नगरपालिकाको स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा ब्यवस्था भए बमोजिम हुने छ ।

(४) सामान्यतया एउटै संस्थाले एक पटक अनुदान लिई सकेपछि पुन सोही प्रयोजनको लागि अनुदान लिन सक्नेछैन । तर ब्यवसायिक कारोवारको बृद्धि र विस्तार प्रयोजनको लागि लिन बाधा पर्नेछैन ।

**(५)** उपदफा (१) बमोजिमको अनुदान रकम सामान्यतया देहायको प्राथमिकता अनुसार सहकारी संघ वा संस्थालाई उपलब्ध गराईने छ :

(क) उपभोक्ता सहकारी संस्था

(ख) विशिष्टीकृत उपभोक्ता सहकारी संघ

(ग) बहुउद्धेश्यीय सहकारी संस्था

(घ) उत्पादनमूलक सहकारी संस्था

(ङ) श्रमिक सहकारी संस्था

(च) बचत तथा ऋण सहकारी संस्था

**४. ब्याज अनुदान दिन सकिने:**

(१) सहकारी संघ वा संस्थाले दफा ३ को उपदफा (१) बमोजिमको सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार स्थापना र संचालन सम्वन्धी कामको लागि वाणिज्य बैंक, विकास बैंक, लघुवित्त वितीय संस्था वा सहकारी संस्थावाट नियमानुसार लिएको ऋणको विवरण संकलन गरी ब्याज अनुदानको लागि स्थानीय नगरपालिकाको कार्यालयमा दरखास्त साथ प्रस्ताव पेश गर्नु पर्ने छ ।

(२) उपदफा (१) बमोजिमको दरखास्त साथ पेश भएका प्रस्तावहरु छानवीन र मूल्यांकन गरी निर्देशन समितिवाट निर्णय भए बमोजिम ब्याज अनुदान रकम भुक्तानी गरिने छ ।

(३) स्थानीय नगरपालिकाको स्वीकृत बार्षिक बजेट र कार्यक्रमको आधारमा सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी पसल संचालनको लागि सहकारी संघ वा संस्थाले उपदफा (१) मा उल्लेखित बैंक वा वित्तीय संस्थावाट लिएको ऋणको ब्याज अनुदान दिन सकिने छ ।

**५. पूंजिगत खर्च अनुदान दिन सकिने:**

(१) सहकारी संघसंस्थालाई दफा ३ को उपदफा (१) बमोजिमका सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार स्थापना र संचालनको लागि आवश्यक पर्ने शीतश्रृखला विकास, बजार पूर्वाधार निर्माण, ढुवानीका साधन तथा मेशिनऔजार खरिद लगायतका पूंजिगत खर्चको लागि अनुदान दिन सकिने छ ।

(२) पूंजिगत खर्च अनुदान बहुबर्षिय परियोजनाको हकमा दुई वा सो भन्दा बढी आर्थिक बर्षमा भुक्तानी दिन सकिने छ ।

(३) उपदफा (१) बमोजिम पूंजिगत अनुदान दिदा परियोजना लागतको बढीमा पचास (५०) प्रतिशत सम्म दिन सकिने छ ।

**६. पूर्व स्वीकृति आवश्यक पर्ने:**

(१) दफा ३ को उपदफा (५) खण्ड (च) मा उल्लेखित बचत तथा ऋण सहकारी संस्थाले सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार स्थापना र संचालनको काम गरी अनुदान प्राप्त गर्न चाहेमा ब्यवसायिक कारोवार शुरु गर्नु अगाडि अनिवार्य रुपमा स्थानीय नगरपालिका कार्यालयको पूर्व स्वीकृति लिनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम पूर्व स्वीकृति प्राप्त गर्ने बचत तथा ऋण सहकारी संस्थाले सुपथ मूल्य सहकारी पसल संचालन सम्वन्धी ब्यापारिक कारोवारमा सदस्यको बचत निक्षेप प्रयोग गर्न पाउने छैन ।

(३) बचत तथा ऋण सहकारी संस्थाले सुपथ मूल्य सहकारी पसल संचालन सम्वन्धी ब्यापारिक कारोवार संचालन गर्दा प्राथमिक पूंजीकोष र बचतको अनुपात १:१५ कायम गरी शेयर तथा जगेडा कोषको रकम प्रयोग गर्न सक्ने छ ।

**७. अनुदानवाट संचालिन कार्यक्रमहरुको प्रगति दिनु पर्नेः**

(१) सहकारी संघसंस्थाले स्थानीय नगरपालिकाको कार्यालयवाट अनुदान प्राप्त गरी संचालित जुनसुकै कार्यक्रमको चौमासिक तथा बार्षिक प्रगति संवन्धित नगरपालिका कार्यालयमा पेश गर्नु पर्ने छ ।

**८. अनुदान दिन नसकिनेः**

(१) यस कार्यविधिमा जुनसुकै कुरा लेखिएको भएतापनि देहायको अवस्थामा सहकारी संघसंस्थालाई सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालनको लागि अनुदान उपलब्ध गराईने छैन :

(क) बार्षिक साधारणसभा सम्पन्न नगरेको ।

(ख) नियमित रुपमा बार्षिक लेखापरीक्षण नगरेको ।

(ग) निर्धारित समयमा संचालक समिति र लेखा तथा सुपरीवेक्षेण समितिको चुनाव नगरेको ।

(घ) अघिल्ला बर्षहरुमा प्राप्त अनुदानको सदुपयोग नगरेको ।

(ङ) सदस्य केन्द्रीत भई कार्यक्रम संचालन नगरेको ।

(च) कार्यक्षेत्र भन्दा बाहिर गई कार्यक्रम संचालन गरेको ।

(छ) नियमानुसार कर चुक्ता नगरेको ।

## परिच्छेद–३

## अनुदान वितरण सम्वन्धी प्रकृया

### ९. सूचना प्रकाशन गर्नेः

(१) यस कार्यविधिमा व्यवस्था भए बमोजिम स्थानीय नगरपालिकाको कार्यालयवाट सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार स्थापना र संचालनको लागि ब्याज वा बीउपुंजि वा पूंजिगत अनुदानको रकम प्राप्त गर्न ईच्छुक एवं योग्य सहकारी संघसंस्थाहरुबाट दरखास्त आब्हानको लागि सार्वजनिक सूचना प्रकाशन गरिने छ।

(२) प्रस्ताव आब्हानको लागि स्थानीय वा राष्ट्रियस्तरको पत्रिकामा सामान्यतया ३० दिनको सार्वजनिक सूचना प्रकाशन गर्नु पर्ने छ। सूचना प्रभावकारी बनाउन सम्वन्धित स्थानीय नगरपालिको कार्यालय र सवै वडा कार्यालयहरुमा सूचना टांस गर्नुको साथै स्थानीय रेडियो समेतको उपयोग गर्न सकिने छ।

(३) सूचनामा अनुदान प्राप्त गर्न आवेदन गर्ने प्रमुख आधारहरु, दरखास्त साथ पेश गर्नुपर्ने विवरण र कागजपत्रहरु एवं दरखास्त दर्ता गर्ने मिति र कार्यालय वारे स्पष्ट उल्लेख गर्नु पर्ने छ।

### १०. तोकिएको न्युनतम प्रस्ताव पेश हुन नआएमा समय थप गर्न सकिनेः

(१) दफा ९ को उपदफा (२) मा उल्लेखित समय सिमा भित्र तोकिएको न्युनतम तीनवटा प्रस्ताव पेश हुन नआएमा नगरपालिकाको कार्यालयले सात (७) दिनको समय दिई थप प्रस्ताव आब्हानको सूचना गर्न सक्नेछ।

(२) दफा १० (२) बमोजिम प्रस्ताव पेश गर्ने समय थप भएकोमा निर्धारित समय भित्र थप कुनै प्रस्ताव पेश हुन नआएमा पनि पेश भएका प्रस्ताव उपर कारवाही अगाडि बढाईनेछ।

### ११. दरखास्त पेश गर्नु पर्नेः

यस कार्यविधि बमोजिम सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालनको लागि अनुदान प्राप्त गर्न चाहने सहकारी संघ संस्थाले देहाय बमोजिमको विवरण संलग्न गरी अनुसूची १ बमोजिमको ढांचामा नगरपालिकाको कार्यालयमा दरखास्त दिनुपर्ने छ :

(क) संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपि,

(ख) संस्थाको स्वीकृत विनियमको प्रतिलिपि,

(ग) पछिल्लो आ.ब. को लेखापरीक्षण प्रतिवेदनको प्रतिलिपि,

(घ) कर तिरेको प्रमाणपत्रको प्रतिलिपि,

(घ) सहकारी बजार परियोजना प्रस्ताव,

(च) साधारणसभावाट अनुदान माग गर्न गरिएको निर्णयको प्रतिलिपि,

(छ) संचालक समितिका पदाधिकारीहरुको सम्पर्क नम्वर सहितको ठेगाना विवरण,

(ज) जग्गा आवश्यक भएमा सो प्राप्ति सम्वन्धि भरपर्दो कागजात,

(झ) बजार परियोजनामा लगानीको लागि संस्थावाट परिचालन गरिने रकमको श्रोत,

(ञ) बजार परियोजनाको संक्षिप्त विवरण (अनुसूची २ बमोजिम)

(ट) पूर्व सम्भाव्यत्ता अध्ययन प्रतिवेदनको प्रतिलिपि (एक करोड रुपैंया भन्दा बढीको परियोजना लागि मात्र) ।

**१२. प्रारम्भिक छानवीन गर्नेः**

(१) दफा ११ बमोजिमको दरखास्त साथ संलग्न प्रस्ताव उपर संवन्धित नगरपालिकाको कार्यालयमा गठित प्रारम्भिक छानवीन उपसमितिले प्रारम्भिक छानवीन गर्ने छ ।

(२) उपदफा (१) बमोजिम छानवीन उपसमितिले अनुसूची ३ बमोजिमको प्रारम्भिक जांचसूचीको आधारमा प्रस्तावमा संलग्न कागजातहरु रुजू गर्नुको साथै स्थलगत निरीक्षण समेत गर्न सक्ने छ ।

(३) उपदफा (२) बमोजिम छानवीन गर्दा अनुसूची ३ मा उल्लेखित कुनै एक बूदामा असफल भएमा उक्त प्रस्ताव मूल्यांकनको लागि समावेश गरिने छैन ।

(४) प्रस्ताव छानवीनका सिलसिलामा आवश्यक अन्य कुरा प्रस्ताव मूल्यांकन समितिले तोके बमोजिम हुने छ ।

**१३. प्रारम्भिक छानवीन उपसमितिको ब्यवस्थाः**

(१) दफा १२ (२) बमेजिम सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालन अनुदानको लागि दर्ता हुन आएका दरखास्त साथ संलग्न प्रस्तावहरुको छानवीन गरी प्रस्ताव मूल्यांकन समितिमा पेश गर्न देहाय बमोजिमको एक प्रारम्भिक छानवीन उपसमिति रहनेछः

(क) प्रशासकीय अधिकृत — संयोजक

(ख) कृषि/पशु प्राविधिक सदस्य

(ग) सहकारी शाखा प्रमुख सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित छानवीन समितिले प्रस्ताव जांच गर्दा अनुदान दिन योग्य देखिएमा प्रस्ताव मूल्यांकन समितिमा सिफारिश गरिनेछ ।

(३) प्रस्ताव छानवीनका सिलसिलामा आवश्यक अन्य कुराहरु मूल्यांकन समितिले तोके बमोजिम हुने छ ।

**१४. प्रस्ताव मूल्यांकन समितिको ब्यवस्था:**

(१) दफा १३ (२) बमेजिम मूल्यांकनको लागि सिफारिश भई आएका प्रस्तावहरुको मूल्यांकन गरी अनुदान राशी किटानी सहित निर्देशन समितिमा सिफारिश गर्न देहाय बमोजिमको एक प्रस्ताव मूल्यांकन समिति रहनेछ:

(क) प्रमुख प्रशासकीय अधिकृत संयोजक

(ख) लेखा शाखा प्रमुख सदस्य

(ग) प्रशासकीय अधिकृत सदस्य सचिव

(२) उपदफा (१) बमोजिम गठित समितिले प्रस्ताव मूल्यांकन गर्दा यस निर्देशिकाको अनुसूची ४ बमोजिमको आधार लिई प्रस्ताव मूल्यांकन गरी कुन प्रकृतिको अनुदान हो सो समेत खोली निर्देशन समितिमा सिफारिश गरिनेछ ।

(३) प्रस्ताव मूल्यांकनका सिलासिलामा आवश्यक अन्य कुराहरु निर्देशन समितिले तोके बमोजिम हुने छ ।

**१५. निर्देशन समितिको ब्यवस्था:**

(१) यस कार्यविधि बमोजिम सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालन अनुदान प्रस्ताव स्वीकृत गर्न तथा तत्सम्वन्धमा आवश्यक निर्देशन तथा समन्वयका लागि नगरपालिकामा देहाय बमोजिमको निर्देशन समिति रहने छ :

(क) नगरपालिका प्रमुख संयोजक

(ख) बजार अनुगमन समितिका संयोजक सदस्य

(ग) प्रमुख प्रशासकीय अधिकृत सदस्य सचिव

(२) दफा १४ (२) बमोजिम सुपथ मूल्य सहकारी पसल संचालन अनुदानको लागि सिफारिश भई आएका अनुदान प्रस्तावहरुमा स्वीकृति प्रदान गर्ने काम निर्देशन समितिले गर्ने छ ।

(३) निर्देशन समितिले अनुदान स्वीकृत गर्दा मूल्यांकन समितिवाट सिफारिश भई आएका प्रस्तावहरु जस्ताको तस्तै स्वीकृत गर्न वा थपघट सहित शर्त बन्देज तोकी स्वीकृत गर्न वा पुनः मूल्यांकनको लागि फिर्ता पठाउन सक्ने छ ।

(४) निर्देशन समितिले आफ्नो कार्यविधि आफैं बनाउन र सुपथ मूल्य सहकारी पसल संचालनको लागि अनुदान सहयोग प्रदान गर्ने सम्वन्धमा आवश्यक शर्त निर्धारण गर्न सक्ने छ ।

## परिच्छेद–४

## अनुदान वितरणका आधार तथा शर्तहरु

### १६.अनुदान वितरणका आधारः

(१) यस कार्यविधि अनुरुप सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालन सम्वन्धी अनुदान पाउनको लागि प्रचलित कानून बमोजिम दर्ता भई दुई बर्ष देखि नियमित सञ्चालनमा रहेको सहकारी संघ/संस्था हुनुपर्ने छ ।

(२) सहकारी संघ वा संस्थाले वार्षिक साधारण सभाबाट सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालनको लागि स्थानीय नगरपालिकावाट अनुदान सहयोग लिने निर्णय गरेको वा आगामी साधारण सभाबाट अनुमोदन गराउने गरी सञ्चालक समितिको निर्णयका आधारमा अनुदान वा वित्तीय सहयोगका लागि माँग गरेको हुनुपर्ने छ ।

(३) सहकारी संघ वा संस्थाले सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार स्थापना र संचालन सम्वन्धमा ब्यवसायिक कार्ययोजना वा संभाब्यता अध्ययन प्रतिवेदन पेश गर्नुपर्ने छ ।

(४) सहकारी संघ/संस्थामार्फत सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार स्थापना र संचालनको लागि आवश्यक पर्ने पूर्वाधार जस्तै सडक संजाल, विद्युत, संचार, पानी, ढल निकाश, पार्किङ आदिको ब्यवस्था भएको हुनु पर्ने छ ।

(५) सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार, गोदामघर र पार्किङस्थल निर्माणको लागि चाहिने जग्गामा सहकारी संघ वा संस्थाको भोगाधिकार वा हकभोगको हुनुपर्ने छ । सहकारी संघ/संस्थाको भोगाधिकार वा हकभोगमा जग्गा उपलब्ध नभएमा कम्तिमा १० वर्षको लागि जग्गा लिज वा भाडामा लिएको प्रमाण पेश गर्नु पर्ने छ ।

(६) सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजारवाट खरिद विक्री हुने बस्तु तथा सेवाको कारोवारमा संस्थाका सदस्य वा स्थानीय तहमा उत्पादित बस्तु तथा सेवालाई प्राथमिकता दिएको हुनु पर्ने छ ।

(७) प्रस्तावित सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजारको कूल लागत मध्ये सहकारी संघ वा संस्थाले व्यहोर्ने श्रोत खुल्ने प्रमाण तथा बैंक स्टेटमेण्ट समेत पेश गर्नु पर्ने छ ।

(८) सहकारी संघ वा संस्थामा रहेको सदस्यहरुको बचत निक्षेप रकमबाट संस्थागत हिसावले सुपथ मूल्य सहकारी पसलमा लगानी गर्न पाइने छैन ।

(९) एक वा सो भन्दा वढी सहकारी संघसंस्थाहरु मिलेर सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालन गर्न सक्नेछन । एकभन्दा वढी सहकारी संघसंस्थाहरु मिलेर सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालन गर्ने भएमा सम्वन्धित संघसंस्थाहरुको संचालक-समितिको निर्णय र उनीहरु वीचको सम्झौता वा करारनामाको प्रमाणित प्रतिलिपि प्रस्तावका साथ पेश गर्नुपर्ने छ ।

(१०) सहकारी संघ वा संस्थाले स्थानीय नगरपालिकाको एक भन्दा वढी स्थानमा सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजारको प्रवाहको लागि सेवा केन्द्र संचालन गर्ने गरी प्रस्ताव पेश गर्न सक्नेछन । यस्तो अवस्थामा सेवा केन्द्र संचालनको लागि नगरपालिका कार्यालयको स्वीकृति पेश गर्नु पर्ने छ ।

(११) एउटै परियोजना वा कार्यक्रमको लागि अन्य सरकारी वा गैर सरकारी निकायहरुबाट अनुदान सहयोग प्राप्त गरेको वा सहयोगका लागि प्रस्ताव गरेको पाईएमा यस कार्यक्रमको लागि नगरपालिकाबाट थप अनुदान उपलब्ध गराइने छैन ।

(१२) सहकारी संघसंस्थाहरुलाई उपलब्ध गराउने अनुदानको रकम रासी निर्धारण गर्दा सदस्यता संख्या, संस्थागत सुशासनको अवस्था, ब्यवसायिक करोवारको आयतन, वार्षिक साधारण सभा र लेखापरीक्षण सम्बन्धी नियमितता, वार्षिक कार्यक्रमको आयतन, रोजगारी सृजना र मानवीय संसाधनको अवस्था समेत हेर्नु पर्ने छ ।

(१३) सहकारी थोक/खुद्रा बजार पूर्वाधार निर्माण कार्यका लागि स्वीकृत बजेट अनुसार पूँजीगत अनुदान प्राप्त गर्ने सहकारी संघ वा संस्थाले प्रचलित आर्थिक ऐन नियमको पालना गरी खर्च गर्ने र लेखापरिक्षण गराउने उत्तरदायित्व वहन गर्नु पर्ने छ ।

(१४) हरेक आर्थिक वर्षका लागि स्वीकृत कार्यक्रम तथा बजेटको परिधि भित्र रहेर मात्र सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालन अनुदान उपलब्ध गराउन सकिने छ ।

(१५) सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार पूर्वाधार निर्माण कार्यको लागत अनुमान, डिजाइन र कामको मूल्यांकनका लागि नगरपालिका कार्यालयको प्राबिधिक वा इजाजत प्राप्त फर्मको कामलाई मात्र स्वीकार गर्न सकिने छ ।

(१६) निर्माण कार्यको दुई पक्षीय सम्झौतामा प्राविधिक सेवा दिने निकाय वा प्राविधिकको नाम उल्लेख गर्नु पर्ने छ । सरकारी निकाय बाहेक निजी क्षेत्रबाट प्राविधिक सेवा लिएको अवस्थामा सम्झौता अगावै नियुक्ति पत्र वा करारनामा र सम्बन्धित संस्था वा व्यक्तिको प्रतिबद्धता पत्र समेत पेश गर्नु पर्ने छ । यस्तो फर्म वा व्यक्तिले प्राप्त गरेको इजाजत पत्र (नविकरण सहित) को प्रमाणित प्रतिलिपि पेश गर्नु पर्ने छ ।

(१७) सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार संचालनको लागि नगरपालिकावाट प्राप्त अनुदान रकम अन्य काममा प्रयोग गरेमा वा सम्फौता विपरितका कामहरु गरेमा सम्फौता गर्ने सहकारी संघसंस्था वा सम्बन्धित अन्य निकायका पदाधिकारी र सञ्चालक समिति व्यक्तिगत र सामूहिक रुपमा उत्तरदायी हुने छन ।

(१८) सामान्यतया अघिल्लो आर्थिक वर्षहरुमा अनुदान सहयोग लिई सुपथ मूल्य सहकारी पसल वा सहकारी थोक/खुद्रा बजार स्थापना र संचालन गरेका सहकारी संघसंस्थालाई अनुदान सहयोग सूचिमा समाबेश गरिने छैन । तर कुनै सहकारी संघ वा संस्थाले अघिल्लो अनुदानको सदुपयोग गरी सार्वजनिक वितरण प्रणालीमा सहयोग गर्नुका साथै स्थानीयस्तरमा रोजगारी सिर्जना गरी समुदायलाई उल्लेखनिय योगदान पुऱ्याएको रहेछ भने त्यस्तो सहकारी संघ वा संस्थालाई अनुदान कार्यक्रममा पुन समावेश गराउन सकिने छ ।

## १७. अनुदानको लागि आवेदन दिने संघसंस्थाले पालना गर्नु पर्ने शर्तहरु :

(१) यस कार्यविधि अनुसार अनुदान रकम लिनु अगाडि सम्वन्धित सहकारी संघ वा संस्थाको तर्फबाट अध्यक्ष वा सञ्चालक समितिले तोकेको पदाधिकारीले निम्न बमोजिमका शर्तहरु समेत पालना गर्ने गराउने गरी गरेको सम्झौताको आधारमा अनुदान रकम उपलब्ध गराइनेछ ।

(क) सहकारी संघ वा संस्थाले यस कार्यविधि अनुसार नगरपालिकावाट अनुदान लिई संचालित सुपथ मूल्य सहकारी पसल वा सहकारी थोक/खुद्रा बजार कम्तीमा १० वर्ष सम्म विक्रि गर्न पाईने छैन । त्यस पछि विक्रि गर्नु परेमा स्थानीय नगरपालिकाको पूर्व स्वीकृति लिएर मात्र विक्रि गर्न सकिने छ ।

(ख) सुपथ मूल्य सहकारी पसल वा सहकारी थोक/खुद्रा बजार स्थापना र संचालनको लागि अनुदान रकम प्रवाह भैसकेपछि जुन प्रयोजनको लागि अनुदान लिएको हो सोही प्रयोजनमा खर्च गर्नु गराउनु पर्ने छ ।

(ग) नगरपालिकावाट अनुदान लिई संचालन हुने सुपथ मूल्य सहकारी पसल वा सहकारी थोक/खुद्रा बजारले स्थानीय उत्पादनको बजारीकरणमा प्राथमिकता दिनु पर्ने छ।

(घ) नगरपालिकावाट अनुदान लिई संचालन हुने सुपथ मूल्य सहकारी पसल वा सहकारी थोक/खुद्रा बजारले कम्तीमा ६० प्रतिशत स्वदेशी उत्पादन वा बस्तु तथा सेवाको कारोवार गर्नु पर्ने छ।

(ङ) यस कार्यविधि अनुरुप नगरपालिकावाट अनुदान लिई संचालन हुने सुपथ मूल्य सहकारी पसल वा सहकारी थोक/खुद्रा बजारमा सम्पूर्ण स्वदेशी जनशक्तिको प्रयोग गर्नुपर्ने छ।

(च) नगरपालिकावाट अनुदान लिई संचालन हुने सुपथ मूल्य सहकारी पसल वा सहकारी थोक/खुद्रा बजारले चुरोट, विडी, खैनी, गुडका लगायतका सूर्तिजन्य बस्तु विक्री वितरण गर्न पाईने छैन।

(ज) यस कार्यविधि अनुरुप नगरपालिकावाट अनुदान लिई सहकारी पसल संचालन गर्नको लागि संस्था दर्ता भएको कम्तिमा दुई बर्ष अवधि पुगेको हुनुपर्ने छ।

(छ) सहकारी संघ वा संस्थाले सुपथ मूल्य सहकारी पसल वा सहकारी थोक/खुद्रा बजार संचालन गर्न यस कार्यविधि अनुरुप अनुदान रकम प्राप्त गरी सकेपछि तोकिए बमोजिम कारोवार नगरेमा वा पसल/बजार संचालनको काम बन्द गरेमा १०% हर्जाना सहित उक्त अनुदान रकम सम्वन्धित सहकारी संघ वा संस्थाबाट सरकारी बांकी सरह असुल उपर गरिने छ।

(२) उपदफा (१) बमोजिमको शर्त उलङघन गरी पसल संचालन गर्ने सहकारी संघ वा संस्थालाई स्थानीय नगरपालिकाको सहकारी ऐन बमोजिम कारवाही हुने छ।

## परिच्छेद–५

## कार्यान्वयन, अनुगमन तथा निरीक्षण सम्बन्धी व्यवस्था

**१८. जानकारी दिनु पर्ने:**

(१) निर्देशन समितिवाट अनुदान प्रस्ताव वा परियोजना स्वीकृत भएपछि सम्वन्धित संस्थालाई सो को जानकारी दिनु पर्दछ।

(२) उपदफा (१) बमोजिम जानकारी गराउदा कम्तिमा १५ दिनको समय दिई सम्झौता गर्न आउने म्याद समेत खुलाउनु पर्दछ।

### १९. संझौता गर्नु पर्नेः

यस कार्यविधि बमोजिम सहकारी संघ वा संस्थालाई अनुदान प्रदान गर्दा नगरपालिकाको कार्यालयले तोको ढांचामा सम्झौता गर्नु पर्ने छ ।

### २०. अनुदानको सदुपयोग गर्नु पर्नेः

सहकारी संघसंस्थाले जुन प्रयोजनको लागि अनुदान लिएको हो, सोही प्रयोजनमा खर्च गर्नु पर्दछ । अनुदान रकम संस्थाको जगेडा कोषमा आम्दानीके रुपमा अभिलेखन गर्नु पर्ने छ ।

### २१. भुक्तानी विधिः:

(१) निर्देशन समितिबाट अनुदानका लागि छनौट भएका सहकारी संघ वा संस्थालाई स्वीकृत रकम स्थानीय नगरपालिका कार्यालयबाट भुक्तानी गरी अभिलेख राख्ने व्यवस्था गरिने छ ।

(२) ब्याज अनुदानको स्वीकृत रकम संवन्धित बैक वा वित्तीय संस्था वा सहकारी संस्थावाट ऋण लिएको प्रमाण वा सम्झौताका आधारमा एकमुठ्ठ भुक्तानी गरिने छ ।

(३) सुपथ मूल्य सहकारी पसल वा सहकारी थोक/खुद्रा बजार संचालनको लागि बीउपूंजी प्रवाह गर्दा दुई किस्तामा रकम निकासा गरिनेछ । प्रथम किस्ता बापत पचास (५०) प्रतिशत रकम पसल, सेड र गोदाम निर्माण तथा आन्तरिक पूर्वाधारको लागि उपलब्ध गराईनेछ भने दोश्रो किस्ता बापतको पचास (५०) प्रतिशत रकम ब्यापारिक कारोवार संचालनको सिलसिलामा मालसामान खरिद तथा ढुवानीको लागि उपलब्ध गराईने छ ।

(४) सहकारी संघ वा संस्थाले स्वदेशमै निर्मित मेशिन उपकरण खरिद गर्ने भएमा मेशिन उपकरण खरिद गरी त्यसको वील भरपाई सहित सम्वन्धित नगरपालिका कार्यालयमा पेश भए पछि नगरपालिका कार्यालयको निरीक्षणबाट उक्त मेशिन उपकरण सम्वन्धित स्थलमा पुगी सकेको भन्ने प्रतिवेदन प्राप्त भएपछि सोको आधारमा आर्थिक ऐन नियम अनुसार निर्धारित रकमको वढीमा ५०% रकम पहिलो किस्ता उपलब्ध गराईनेछ । मेशिन उपकरण जडान गरे पछि कार्यालयको स्थलगत निरीक्षण प्रतिवेदनका आधारमा वाँकी ५०% रकम अन्तिम किस्ताको रुपमा निकासाको ब्यवस्था गरिने छ ।

(५) ढुवानीको साधन र मेशिन तथा उपकरण विदेशबाट आयात गर्नु परेको अवस्थामा भन्सारले कायम गरेको मूल्यलाई लागत मुल्य मानिने छ ।

(६) पसल तथा गोदामघर निमार्णको लागि प्रस्ताव स्वीकृत भएकोमा सहकारी संघ वा संस्थाले भवन/सेड तथा गोदाम निमार्णको लागि ठेकेदार सँग सम्झौता गरेपछि स्वीकृत अनुदान रकमको

५० प्रतिशत, निमार्णको काम सम्पन्न भएपछि स्थलगत निरीक्षणको प्राबिधिक प्रतिबेदनको आधारमा ५० प्रतिशत भुक्तानी दिईने छ।

**२२. अनुगमन गर्नु पर्नेः**

(१) यस कार्यविधि अनुसार नगरपालिका कार्यालयले अनुदान रकमको सदुपयोग भए नभएको वारेमा समय समयमा अनुगमन तथा निरीक्षण गर्नुपर्ने छ।

(२) यस कार्यविधि अनुरुप सुपथ मूल्य सहकारी पसल संचालनको लागि उपलब्ध गराईएको अनुदानको सदुपयोग भए नभएको वारमो समयसमयमा अनुगमन तथा निरीक्षण गर्ने गराउने जिम्मेवारी सम्वन्धित नगरपालिकाको हुने छ। अनुगमन निरीक्षण कार्यमा सहयोग गने दायित्व सम्वन्धित सहकारी संघ संस्थाको हुने छ।

(३) अनुदान प्राप्त सहकारी संघ वा संस्थाले यस कार्यविधिमा निर्धारित कुनै शर्त पालना नगरेको पाईएमा नगरपालिका कार्यालयले सम्बन्धित निकायहरुको सहयोग लिइ शर्तहरुको पालना गर्न गराउन वा प्रचलित कानून बमोजिम असूल उपर गर्न गराउन कारावाही चलाउने छ। यस कार्यमा सम्बन्धित अन्य सरकारी निकायको सहयोग लिन सकिने छ।

**२३. प्रतिवेदन दिनु पर्नेः**

(१) सहकारी संघ वा संस्थाले यस कार्यविधि बमोजिम प्राप्त अनुदान परिचालन गरी सम्पन्न गरेको कार्यप्रगति, खर्च र प्रतिफल सहितको विवरण देहायको अवधि भित्र स्थानीय नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्ने छ :

(क) पहिलो प्रतिवेदन दोश्रो किस्ता रकम लिनु अगाडि।

(ख) बार्षिक प्रतिवेदन आर्थिक बर्ष समाप्त भएको ३० दिन भित्र।

(ग) परियोजनाको उपलब्धी सहितको अन्तिम प्रतिवेदन परियोजना पुरा भए पछि।

**२४. अनुदानको रोक्का गर्न सक्नेः**

(१) दफा २२ बमोजिम अनुगमन गर्दा सहकारी संघ वा संस्थाले वित्तीय अनुदानको सदुपयोग नगरेको वा सम्झौताको सर्त उलङघन गरेको पाईएमा नगरपालिका कार्यालयले मुनासिव समय दिई देहाय बमोजिम गर्ने छ :

(क) बजार पूर्वाधार निर्माणको बांकी तथा अधुरो निर्माण काम पुरा गर्न लगाउने।

(ख) खर्च गर्न बांकी रकम खर्च गर्न र खरिद भएको मेशिन उपकरण उपयोग गर्न लगाउने।

(ग) पसल संचालन गरी खरिद बिक्री सम्वन्धी सेवा प्रवाह गर्न गराउन लगाउने ।

(घ) सम्झौताको सर्त अक्षरशः पालन गर्न लगाउने ।

(२) तोकिएको समय सीमा भित्र सम्झौता अनुसारको काम नगरेमा नगरपालिकाको कार्यालयले बांकी रकम रोक्का राख्न सकिने छ ।

**२५. असुल उपर गरिनेः**

दफा २२ बमोजिम अनुगमन गर्दा संस्थाले वित्तीय अनुदानको दुरुपयोग गरेको पाईएमा संस्थाका पदाधिकारी र दुरुपयोग गर्ने सदस्यहरुको घरघरानावाट सरकारी बांकी सरह असुल उपर गरिने छ ।

**२६. सफाईको मौका दिन पर्नेः**

दफा २४ (२) बमोजिम अनुदान रोक्का राख्नु पर्दा वा दफा २५ बमोजिम अनुदान रकम असुल उपर गर्नु पर्दाको अवस्थामा संवन्धित संस्थालाई सफाई पेश गर्ने मुनासिव माफिकको समय दिनु पर्दछ ।

**२७. अनुदान रकमको लेखापरीक्षणः**

(१) यस कार्यविधि बमोजिम प्राप्त अनुदान रकमको लेखापरीक्षण सम्वन्धित स्थानीय तहवाट जारी सहकारी ऐन बमोजिम गराउनुपर्ने छ । सम्वन्धित स्थानीय तहवाट सहकारी ऐन जारी नभएको अवस्थामा अनुदान रकमको लेखापरीक्षण सहकारी ऐन, २०७४ वा प्रदेश सहकारी ऐनमा ब्यवस्था भए बमोजिम गराउनु पर्ने छ ।

(२) उपदफा (१) बमोजिम लेखापरीक्षण गराउने प्रयोजनको लागि सहकारी संघ वा संस्थाले प्राप्त अनुदान रकमको स्रेस्ता तथा वीलभरपाई यस कार्यविधि बमोजिम शुरक्षित रुपमा अलग्गै राख्नुपर्ने छ ।

(३) उपदफा (१) बमोजिम लेखापरीक्षण प्रतिवेदन बार्षिक साधारणसभावाट स्वीकृत भए पछि सम्वन्धित स्थानीय तह (न.पा./गा.पा.) को कार्यालयमा पठाउनु पर्ने छ ।

## परिच्छेद ६

## विविध

**२८. विवरण सार्वजनिक गर्नु पर्नेः**

(१) सहकारी संघसंस्थाले स्थानीय वा प्रदेश वा संघीय सरकारवाट प्राप्त गरेको अनुदानको प्रयोजन समेत खुल्ने गरी परियोजनाको विवरण र खर्चको फांटवारी परियोजनास्थल वा संस्थाको कार्यालयमा सर्वसाधारणको जानकारीको लागि स्पष्ट रुपमा देख्न र पढ्न सक्ने गरी टांस गर्नु पर्ने छ।

(२) सहकारी संघसंस्थाले यस निर्देशिका बमोजिम प्रदान गरिएको अनुदान रकमवाट भएको कामको प्रतिफल समेत झल्कने गरी वार्षिक प्रतिवेदन प्रकाशन गर्नु पर्ने छ।

**२९. कार्यविधिको ब्याख्या गर्ने अधिकार**ः

यस कार्यविधि कार्यान्वयनको सिलसिलामा कुनै वुँदामा अस्पष्टता वा द्विविधा भएमा सम्वन्धित नगर पालिकाको कार्यालयले अन्तिम निर्णय र ब्याख्या गर्न सक्ने छ।

**३१. संशोधन तथा खारेजी :**

(१) स्थानीय नगरपालिकाले आवश्यकता अनुसार कार्यविधिको कुनै वुँदा संशोधन वा खारेज गर्न सक्ने छ।

**३२. प्रचलित कानून बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख नभएको विषय प्रचलित कानून बमोजिम हुने छ।

## अनुसूची १

### (दफा ११ संग सम्वधित)

### निवेदनको ढांचां

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यू,

टोखा नगरपालिकाको कार्यालय,

काठमाण्डौं ।

विषयः अनुदानको लागि निवेदन पेश गरेको वारे ।

त्यस नगरपालिकावाट मिति ...................मा प्रकाशित सूचना अनुसार यस सहकारी संघ/संस्थाले स्थानीय सरकारको वित्तीय अनुदान सहयोग समेतमा सुपथ मूल्य सहकारी पसल संचालन गर्ने गरी ............................मितिको साधारण सभाले निर्णय गरेको हुदा त्यांहावाट माग गरिएका कागजात संलग्न राखी यो निवेदन पेश गरिएको छ ।

भवदीय

..............

अध्यक्ष

संस्था/सदस्यको पुरा नामः

संस्था/सदस्यको ठेगानाः

संस्था/सदस्यको छाप/सही

## अनुसूची २

### (दफा ११ संग सम्वधित)

### बजार परियोजनाको संक्षिप्त विवरण

१. सहकारी संघ/संस्थाको नामः

२. ठेगानाः

जिल्लाः न.पा./गा.पा.:

वडा नं. गांउ/टोलः

३. संस्था दर्ता नं. र मितिः

४. बजार परियोजनाको नामः

५. बजार परियोजनाको ठेगानाः

६. बजार परियोजना प्रारम्भ मितिः

७. बजार परियोजनाले ढाक्ने क्षेत्र वा फैलावटः

८. बजार परियोजनाको कुल लागतः रु.

८.१ स्थिरपूंजिः रु.

.क) मेशिनरीः

(ख) जग्गाः

(ग) भवनः

(घ) गोदामः

(ङ) अन्य (खुलाउने)

८.२ चालुपूंजि रु.

९. संस्थाले ब्यहोर्ने लागत प्रतिशतः

१०. संस्थाले ब्यहोर्ने लागत श्रोत

क) शेयरः रु.

ख) जगेडा कोषः रु.

ग) अन्यः रु.

११. अन्य श्रोत वा निकायवाट वित्तीय सहयोग प्राप्त गरेको भए खुलाउनेः

१२. सदस्य सहभागिताको अवस्थाः

| बर्गीकरण | सहभागिता | | | | | |
|---|---|---|---|---|---|---|
| | साधारण सदस्यमा | | संचालक समितिमा | | परियोजनावाट प्रत्येक्ष लाभान्वित हुनेमा | |
| | संख्या | प्रतिशत | संख्या | प्रतिशत | संख्या | प्रतिशत |
| जम्मा | | | | | | |
| महिला | | | | | | |
| अपांग | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| दलित | | | | | | |
| सिमान्तकृत र पिछडिएको जातजाति | | | | | | |
| अन्य | | | | | | |

१३. संस्थाको व्यवसायिक सेवामा सदस्य केन्द्रीयता:

| विवरण | | हालको अवस्था | | परियोजना पछिको अवस्था | |
|---|---|---|---|---|---|
| | | रु. हजार | प्रतिशत | रु. हजार | प्रतिशत |
| उत्पादन सामाग्री, निर्माण सामाग्री र उपभोग्य बस्तुको खरिद | सदस्यको उत्पादन | | | | |
| | गैर सदस्यको उत्पादन | | | | |
| जम्मा | | | | | |
| उत्पादन सामाग्री, निर्माण सामाग्री र उपभोग्य बस्तुको विक्री | सदस्यलाई | | | | |
| | गैरसदस्यलाई | | | | |
| जम्मा | | | | | |

१४. रोजगरी सृजना:

| स्वरोजगारी तथा रोजगारी | हालको अवस्था | | | | परियोजना पछिको अवस्था | | | |
|---|---|---|---|---|---|---|---|---|
| | सदस्य संख्या | गैरसदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत | सदस्य संख्या | गैरसदस्य संख्या | जम्मा | सदस्यको प्रतिशत |
| प्रत्यक्ष | | | | | | | | |
| अप्रत्यक्ष | | | | | | | | |
| जम्मा | | | | | | | | |

नोटः बर्षमा २०८० घण्टा काम पाउने भए एक जना मानी संस्या निधारण गर्ने ।

१५. बजार तथा परियोजना स्थलमा पूर्वाधारको स्थिति (+ चिन्ह लगाउनु होस)

क) विजुली

ख) पानी

ग) पक्की सडक

घ) कच्ची सडक

१६. सुपथ मूल्य सहकारी पसल वा थोक/खुद्रा सहकारी बजार स्थापना र संचालनको लागि घर/सेड/गोदाम/टहरा आदिको अवस्था (+ चिन्ह लगाउनु होस)

क) निर्माण भएको अवस्था भए के के निर्माण भएको छः

ख) निर्माणाधिन अवस्था भए के के निर्माणाधिन के के छः

१७. कार्यालयको भौतिक अवस्था (+ चिन्ह लगाउनु होस):

क) आफ्नै स्वामित्वको भवन

ख) भाडाको भवन

१८. संस्थागत सुशासनको अवस्था:

क) संचालक समितिको बैठक नियमित छ/छैनः

ख) बार्षिक साधारणसभा नियमित छ/छैनः

ग) लेखापरिक्षण नियमित छ/छैनः

घ) कार्यसम्पादन नियमावली छ/छैनः

ङ) छ भने कुनकुन नियमावली तयार भएकोछ नाम दिनुहोसः

च) सहकारी बजार परियोजनाको सम्भाब्यता अध्ययन भएको छ/छैनः

छ) सम्भाब्यता अध्ययन भएको छ भने बार्षिक मुनाफा दर कति छः

१९. बस्तु तथा सेवाको बजार पहुंचको सम्भावनाः

क) अन्तर्राष्ट्रिय बजारको पहुंच छ/छैनः

ख) राष्ट्रिय बजारको पहुंच छ/छैनः

ग) स्थानीय बजारको पहुंच छ/छैनः

२०. समुह ब्यवस्थापनमा संचालन हुने/नहुनेः

२१. उत्पादकत्वमा सुधार गर्न नयां प्रविधि वा नवप्रवर्द्धनको प्रयोग हुने/नहुनेः

२२. मूल्य श्रृखला अवलम्वनवाट मूल्य अभिबृद्धि हुने/नहुनेः

२३. बजारीकरणः

| विवरण | हालको अवस्था | | परियोजना पछिको अवस्था | |
|---|---|---|---|---|
| | रु. | प्रतिशत | रु. | प्रतिशत |
| स्वदेशमा विक्री | | | | |
| विदेशमा विक्री | | | | |
| जम्मा विक्री | | | | |

२४. वातावरणीय सरोकारः

क) प्राकृतिक श्रोतको जगेर्ना हुने/नहुनेः

ख) जैविक विविधताका बढोत्तरी हुने/नहुनेः

ग) स्थानीय श्रोतको संरक्षण हुने/नहुनेः

घ) प्रदुषणको रोकथाम हुने/नहुनेः

ङ) स्थानीय तहमा प्रांगारिक खेतिपाती हुने/नहुनेः

२५. अन्य कुनै ब्यहोरा भए खुलाउनेः

........................

अध्यक्षको हस्ताक्षर

नाम थर र संपर्क नं.:

संस्थाको नाम र ठेगानाः

संस्थाको छापः

## अनुसूची ३

### (दफा १२ (२) संग सम्वधित)

### प्रारम्भिक जांचसूची

१. सूचनाको म्याद भित्र दरखास्त दर्ता भएको/नभएको: .....................

२. सूचनामा तोकिएका सवै कागजात संलग्न भएको/नभएको: .....................

३. नियमित रुपमा बार्षिक साधारणसभा सम्पन्न भएको/नभएको: .....................

४. नियमित रुपमा लेखापरीक्षण सम्पन्न भएको/नभएको: .....................

५. निधारित समयमा संचालक समिति तथा लेखा समितिको निर्वाचन भएको/नभएको: ............

६. यस अगाडि अनुदान पाएको भए सदुपयोग भएको/नभएको: ............

७. व्यवसायिक कार्ययोजना वा सम्भाब्यत्ता पेश भएको/नभएको: ............

८. नियमानुसार कर चुक्ता भएको/नभएको: ............

९. संस्था संचालनमा आएको दुई (२) बर्ष पुरा भएको/नभएको: ............

१०. संचालक समितिको वैठक नियमित भएको/नभएको: ............

११. लेखा तथा सुपरीवेक्षण समिति सक्रिय भएको/नभएको: ............

१२. स्थानीय उत्पादनको बजारीकरणमा सहयोग पुग्ने अवस्था भएको/नभएको: ............

१३. पसल संचालनवाट स्वदेशी जनशक्तीले रोजगारी पाउने अवस्था भएको/नभएको: ............

१४. पसल संचालनवाट सार्वजनिक सेवा प्रवाहमा सहज हुने/नहुने ......................

१५. संस्थाले नगरपालिकामा बुझाउनुपर्ने कागजात र सूचना समयमा बुझाए/नबुझाएको ........

| | |
|---|---|
| रुजू गर्ने कर्मचारीको: | प्रमाणित गर्ने कार्यकारी प्रमुखको: |
| नामथर: | नामथर: |
| दस्तखत: | दस्तखत: |
| पद: | पद: |
| मिति: | मिति: |

## अनुसूची ४

(दफा १४ (२) संग सम्वधित)

### प्रस्ताव मूल्यांकनका आधार र अंकभार

| क. सं. | प्रस्ताव मूल्यांकनका आधार | पूर्णाङ्क | प्राप्तांक |
|---|---|---|---|
| १. | **सदस्य केन्द्रियता** (उत्पादन सहकारीमा सदस्यवाट खरिद, उपभोक्ता सहकारीमा सदस्यलाई विक्री र श्रमिक सहकारीमा सदस्यलाई रोजगारी) | २० | |
| १.१ | हालको अवस्था | १० | |
| क. | १०० प्रतिशत | १० | |
| ख. | ७५ % वा बढी | ८ | |
| ग. | ५० % वा बढी | ६ | |
| घ. | २५ % वा बढी | ४ | |
| ङ. | २५ % भन्दा कम | २ | |
| १.२ | बजार परियोजना संचालन पछिको अवस्था | १० | |
| क. | १०० प्रतिशत | १० | |
| ख. | ७५ % वा बढी | ८ | |
| ग. | ५० % वा बढी | ६ | |
| घ. | २५ % वा बढी | ४ | |
| ङ. | २५ % भन्दा कम | २ | |
| २. | बजार परियोजनावाट सृजना हुने रोजगारी (प्रति लाख लगानीमा पूर्ण रोजगारी संख्या (एक बर्षमा २०८० घण्टा) | १५ | |
| क. | ५ जना वा बढी | १५ | |
| ख. | ४ जना | १२ | |
| ग. | ३ जना | ९ | |

| | | | |
|---|---|---|---|
| घ. | २ जना | ६ | |
| ङ. | १ जना वा कम | ३ | |
| ३. | सिमान्तकृत समुदायको सहभागिता | १५ | |
| ३.१ | सदस्यमा सहभागिता | ५ | |
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |
| ३.२ | संचालक समितिमा सहभागिता | ५ | |
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |
| ३.३ | बजार परियोजनावाट लाभ लिनमा सहभागिता | ५ | |
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |
| ४. | महिला सहभागिता | १५ | |

| | | | |
|---|---|---|---|
| ४.१ | सदस्यमा सहभागिता | ५ | |
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |
| ४.२ | संचालक समितिमा सहभागिता | ५ | |
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |
| ४.३ | बजार परियोजनावाट लाभ लिनमा सहभागिता | ५ | |
| क. | १०० प्रतिशत | ५ | |
| ख. | ५१ प्रतिशत भन्दा बढी | ४ | |
| ग. | ३३ प्रतिशत भन्दा बढी | ३ | |
| घ. | ३३ प्रतिशत भन्दा कम | २ | |
| ङ. | नभएको अवस्था | १ | |
| ५.. | बजारमा स्वदेशी मालसामान खरिद विक्रीको अवस्था | १० | |
| क. | ८०-१०० प्रतिशत स्वदेशी बस्तु तथा सेवाको कारोवार | १० | |
| ख. | ६०-८०% सम्म स्वदेशी बस्तु तथा सेवाको कारोवार | ८ | |

| | | | |
|---|---|---|---|
| ग. | ५०- ६०% सम्म स्वदेशी बस्तु तथा सेवाको कारोवार | ६ | |
| घ. | ५०% भन्दा कम स्वदेशी बस्तु तथा सेवाको कारोवार | ४ | |
| ६ | सहकारी संस्थाको प्रकृति | १० | |
| क. | उपभोक्ता सहकारी संस्था | १० | |
| ख. | बहुउद्धेश्यीय सहकारी संस्था | ८ | |
| ग. | कृषि सहकारी संस्था | ६ | |
| घ. | बचत तथा ऋण र अन्य | ४ | |
| ७. | सिर्जनात्मकता तथा उद्यमशीलता | १५ | |
| क. | सामुहिक व्यवस्थापनमा संचालन | ३ | |
| ख. | नयां प्रविधिको प्रयोग/नवप्रवर्तन | ३ | |
| ग. | मूल्यश्रृखलामा योगदान | ३ | |
| घ. | वातावरणीय सरोकारको संम्बोधन | ३ | |
| ङ. | उत्पादनको बजारीकरण (बैदेशिक) | ३ | |

नोटः १. पूर्ण रोजगारी भन्नाले बर्षमा २०८० घण्टाको काम सम्झनु पर्दछ।

२. वातावरणीय सरोकार भन्नाले प्राकृतिक श्रोतको संरक्षण, जैविक विविधतामा बृद्धि, स्थानीय प्रजातिको संरक्षण, प्रांगारिक खेती प्रणाली र प्रदुषण रोकथाम सम्झनु पर्दछ।

३. उत्पादनको बैदेशिक बजारीकरण भन्नाले कुल उत्पादनको ५ प्रतिशत भन्दा बढी बिदेश निर्यातलाई सम्झनु पर्दछ।

४. नवप्रवर्तन भन्नाले आधुनिक प्रविधिको सिर्जनात्मक प्रयोग सम्झनु पर्दछ।

प्रकाशक : टोखा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मैजुहिटी, काठमाडौं
बागमती प्रदेश, नेपाल

फोन नं. : ०१-४९८५०१३

ईमेल : hellotokha@gmail.com

वेबसाइट : www.tokhamun.gov.np

मूल्य रू. : ६०।-